# लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
लालबन्दी, सर्लाही
२ नं. प्रदेश, नेपाल

## विभिन्न विषयको प्रस्ताव आब्हान सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशन मिति २०७४/१२/२९

यस नगरपालिकाको नगर सभाबाट स्विकृत चालु आ.ब. को बार्षिक कार्यक्रम अनुसार विभिन्न सहकारी संस्थासंग साझेदारीमा सहकार्य सम्बन्धी कार्यक्रम, खेलकूद प्रोत्साहन विकास कार्यक्रम, विभिन्न लक्षित वर्गको कार्यक्रम, शिपमूलक तालिम तथा क्षमता विकास लगाएतका क्षेत्रमा कार्य गर्न इच्छुक सम्बन्धित संघ, संस्थाले देहायको शर्तहरूको अधिनमा रही यस कार्यालयमा सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र आफ्नो प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**शर्तहरू :**

१. प्रस्ताव पेश गर्ने संघ संस्था कानून बमोजिम दर्ता, नविकरण, सम्बन्धन भएको बैधानिक हुनु पर्दछ । तर प्रत्यक्ष लाभान्वित समूह दलित, उपेक्षित वा उत्पिडितको हकमा सम्बन्धित सदस्यमात्र रहेकोमा दर्ता नभएतापनि प्रस्ताव पेश गर्न सकिनेछ । सम्बन्धित वा प्रत्यक्ष लाभान्वित समूहका मात्र सदस्य रहेको प्रस्तावलाई विशेष प्राथमिकता दिन सकिने छ।

२. प्रस्तावमा कार्यक्रमको उद्देश्य, लक्ष्य, लाभग्राही को संख्या, औचित्य, आवश्यकता, कूल कार्यक्रम खर्च एवं संघ संस्थाले आफ्नो तर्फबाट व्यहोर्न सकिने लागत सहभागिता, स्रोत साधन तथा सो को प्रतिशत, सो कार्यक्रम संचालन बाट यस नगरपालिका एवं नगरवासीलाई पुग्न सक्ने लाभ, सम्बन्धित क्षेत्र एवं लक्षित समूह वा वर्गका सहभागिता, प्रस्तावमा उल्लेख गरिने कृयाकलाप नेपाल सरकार अर्थ मन्त्रालयको नर्म्स बमोजिमको रकम उल्लेख भएको लगाएतका न्यूनतम विषय खुलेको हुनु पर्नेछ ।

३. प्रस्ताव पेश गर्न ईच्छुक संघ संस्थाले आफ्नो विधान को फोटोकपि र एक हजार प्रस्ताव दर्ता शुल्क (फिर्ता नहुने गरी) को नगदी रसिदको सक्कल प्रति लगाएत आवश्यक कागजात समावेश भएको छुट्टै फाईल तयार गरी यस नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

४. प्राप्त प्रस्तावहरूको मूल्यांकन गरी छनौट गरिने र उक्त अनुसारको कार्य गर्न गराउन एक सम्झौता गरिनेछ ।

५. प्राप्त प्रस्ताव छनोट गर्ने सम्बन्धमा सम्पूर्ण अधिकार नगर कार्यपालिकाको कार्यालयको हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत